# कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।९

परम्परागत कृषि प्रणालीलाई बिकास गरी बैज्ञानिक प्रबिधीको अवलम्बन गर्दै निर्वाहमुखि कृषि प्रणालिलाई ब्यवसायीकरण गर्न कृषकहरुलाई नयाँ प्रबिधि तर्फ आकर्षित गर्न, कृषि प्रबिधिलाई सरल सहज रुपमा कृषक माझ पुर्याउन, कृषकहरुको वैयक्तिक तथा संस्थागत बिकास गर्नका लागि कृषक समुह गठन गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी कृषक समुह गठन, परिचालन र नियमन गर्न बनेको **कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७** माङसेबुङ गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सक्षिंप्त नाम र प्रारम्मः** (१) यस कार्यबिधीको नाम **कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०७७** रहने छ।
(२) यो कार्यबिधी तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकमा

(१) **समुह** भन्नाले व्यबसायिक कृषि प्रणाली अबलम्बन गर्ने उदेश्यका लागि गठन भएका ९ वा सो भन्दा बढी २५ जना सम्मको कृषक समुहलाई बुझाउनेछ।

(२) **कृषि** भन्नाले दुध, फुल, मासु,उन, तरकारी, अन्न, नगदेबाली, दलहन फलफुल आदी उत्पादन तथा प्रसोधन सम्बन्धि कार्य सम्झनु पर्दछ।

(३) **कृषि व्यबसाय** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका व्यबसायिक कार्यलाई बुझाउने छ।

(४) **कार्यपालिका** भन्नाले माङसेबुङ गाँउपालिका, गाउँ कार्यपालिकालाई जनाउनेछ।

(५) **शाखा** भन्नाले माङ्सेबुङ गाँउपालिका, गाँउ कार्यपालिकाको पशुसेवा शाखा र कृषि बिकास शाखालाई जनाउनेछ।

(६) **अध्यक्ष** भन्नाले यसै निर्देशिका बमोजिम गठन भएको समुहको अध्यक्षलाई जनाउनेछ।

(७) **उपाध्यक्ष** भन्नाले यसै निर्देशिका बमोजिम गठन भएको समुहको उपाध्यक्षलाई जनाउनेछ।

(८) **सचिब** भन्नाले यसै निर्देशिका बमोजिम गठन भएको समुहको सचिबलाई जनाउनेछ।

(९) **सदस्य** भन्नाले यसै निर्देशिका बमोजिम गठन भएको समुहको सदस्यलाई जनाउनेछ।

(१०) **कार्यालय प्रमुख** भन्नाले माङ्सेबुङ गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

(११) **शाखा प्रमुख भन्नाले** माङ्सेबुङ गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालयको सम्बन्धित पशु सेवा वा कृषि बिकास शाखाको प्रमुखलाई जनाउनेछ।

(१२) **बैठक** भन्नाले कृषक समुहको बैठकलाई जनाउनेछ।

## परिच्छेद -२
## कृषक समुह गठनको उदेश्य

३. **उदेश्यः** कृषि सम्बन्धी कार्यहरु सम्पादनका लागि, कृषकहरुमाझ उन्नत कृषि प्रबिधी प्रचार प्रसार कार्यलाई सहज बनाउन, कृषकहरुको निर्णय क्षमता तथा नेतृत्व बिकास गर्न, सामुदायिक बचत तथा सामुदायिक पुंजीको बिकास गर्न लगायतका कार्यहरु मार्फत कृषि तथा पशुपालनको ब्यबसायिक बिकास गर्न सञ्चालन गरिने कृषि तथा पशुपालन कार्यक्रमहरुमा सेवा प्रवाहको लागि कृषक समुह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समुह गठन गर्न आवश्यक रहेको छ ।
यस निर्देशिका बमोजिम कृषक समुह गठनको उदेश्य निम्न अनुसार रहनेछ ।

(१) समुहका सदस्यहरुको बसोबास रहेको भौगोलिक गाँउ टोल क्षेत्रको जलबायु सुहाउँदो पशुपालन तथा कृषि बालि नालीहरुमा ब्यबसायिकरण र बिबिधिकरणका नँया प्रबिधि अपनाउदै उत्पादन र उत्पादकत्व बृद्धी गर्ने ।

(२) समुहमा उन्नत जातको नश्ल, बिउबिजन, आधुनिक उत्पादन सामाग्री तथा रसायनिक मलको प्रयोग गरि पशुपालन तथा कृषि कार्य गर्ने ।

(३) खेति योग्य जमिनमा सिंचाईको ब्यबस्थापन गर्ने

(४) प्राङ्गारिक उत्पादनमा जोड दिने ।

(५) कृषि सामाग्री तथा कृषि उपजको बजारिकरण गर्ने ।

(६) कृषि उत्पादन प्रवर्धन, प्रशोधन र बजारिकरण गर्ने एवं पशु प्रजनन कार्यहरु, पशु आहारा बिकास, पशु स्वास्थ्य, पशुपंक्षी उत्पादन बजारिकरण र पशु सेवा प्रबिधीको बिकास तथा प्रचार प्रसार गर्ने ।

(७) गोठ सुधार गर्ने ।

(८) मौरीपालन तथा च्याउ खेती गर्ने ।

(९) बेमौसमी तथा मौसमी उत्पादन गरि बजारिकरण गर्ने ।

(१०) नयाँ प्रबिधिको परिक्षण तथा बिकास गर्ने ।

(११) सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरु सँगको साझेदारी तथा सहकार्यमा पशुपालन तथा कृषि बिकास सम्बन्धी बिभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

(१२) जैबिक बिबिधता संरक्षण र बिकास गर्ने ।

(१३) बन बातावरणको संरक्षण सम्बर्धन तथा बिकासका कायर्क्रम गर्ने ।

(१४) मासिक बचत गर्ने र परिचालन गर्ने ।

(१५) समुहले तोके बमोजिमका पशुपालन तथा कृषि बिकास सम्बन्धि अन्य कार्य गर्ने ।

## परिच्छेद -३
## कृषक समुह गठन तथा दर्ता

(१) **समुहमा कृषक संख्याः** खेति योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरि जग्गाको भोगचलनकर्ताहरु बाट एउटै उदेश्यका लागि कृषि वा पशुपालन गरि आएका वा गर्ने १५ देखि २५ सम्मका कृषकहरु स्वःस्फुर्त रुपमा आफैं वा कार्यालयको प्राबिधिक कर्मचारीको सहयोगमा एक घर धुरि एक मात्र सदस्य रहने गरि कृषक समुह गठन गर्न सक्नेछन ।

(२) **कार्यालयबाट सहजिकरणः** उन्नत कृषि प्रणाली अपनाउनका लागि समुह गठन गरि प्रचार प्रसार कार्यक्रममा सहभागि हुन कृषक समुहबाट अनुरोध भएमा सम्बन्धित प्राबिधिकले कृषक समुह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन् ।

(३) **स्टेशनरी सहयोगः** समुह गठन गर्नका लागि कार्यालयले समुह बैठकका लागि रजिष्टर कलम फायल लगायतका केहि स्टेसनरी खर्चका लागि गाँउपालिकाको बजेटबाट उपलब्ध भएसम्म सहयोग गर्न सक्ने छ ।

(४) **समुह दर्ता लागि निबेदन दिनुपर्नेः** समुहबाट तयार गरिएको बिधानको सबै पानामा समुहका सबैस दस्यहरुबाट प्रमाणित गरि सम्बन्धित वडा कार्यालयबाट सिफारिस सहित अनुसुचि-१ बमोजिम निबेदन दिनुपर्दछ । यस अघि जिल्ला पशु सेवा कार्यालय तथा जिल्ला कृषि बिकास कार्यालयमा दर्ता भएका समुहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगती देखिने अन्य कागजात समेत संलग्न गर्नुपर्दछ ।

(५) **समुहको आफ्नो बिधान र छाप हुनुपर्नेः** समुहको बिधानको साथमा समुह बैठकको निर्णय, समुह दर्ताको लागि कार्यालयमा लेखिएको पत्र, र अनुसुची-२ बमोजिमको सदस्य कृषकहरुको बिवरण संलग्न राख्नु पर्दछ । समुहको आफ्नै छाप हुनुपर्दछ ।

(६) **सर्व सहमति र सहमति समुह निर्णयको आधारः** समुह गठन गर्दा समुहमा रहने बिभिन्न पदाधिकारी सर्बसम्मत बाट चयन गर्नुपर्दछ । कुनै किसिमबाट सर्बसम्मत हुन नसकेमा प्रचलित ब्यबस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारी चयन हुनेछन । यसरी गरिने निर्वाचनमा समुहको अनुरोधमा गाँउपालिकाबाट सहजिकरण हुनेछ ।

(७) **समुह दर्तामा दस्तुर नलाग्नेः** उपरोक्त बमोजिम दर्ता हुन आएका निबेदन उपर कार्यालयले आवश्यक प्रक्रिया पुरा गरि समुह दर्ता आवश्यक ठानेमा समुह दर्ता गरि समुह दर्ता प्रमाण पत्र प्रदान गर्नेछ । यसरी वडा कार्यालयबाट समुह दर्ता सिफारिस गर्दा वा कार्यालयमा समुह दर्ता गर्दा कुनै दस्तुर वा शुल्क लाग्ने छैन ।

(८) **समुह दर्ता प्रमाण पत्रः** कार्यालयको निर्णय अनुसार दर्ता गरिने समुहलाई समुह दर्ता प्रमाण-पत्र दिइने छ । समुह दर्ता प्रमाण-पत्र प्राप्त गरिसके पछि कार्यालयमा सोको अभिलेखिकरण भएको मानिने छ । समुह दर्ता भएपछि यस्ता समुहहरुलाई गाँउपालिकाबाट सञ्चालन गरिने पशु पंक्षी तथा कृषि बिकास कार्यक्रममा समाबेस गरिने छ।

(९) **निशुल्क नविकरणः** समुह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक बर्षको असोज मसान्त भित्रमा समुह नविकरण गर्नुपर्ने छ, अन्यथा तोकोएको जरिवना लाग्नेछ ।

## परिच्छेद ४
## कृषक समुह परिचालन

(१) **मासिक बैठक बस्नुपर्नेः** समुह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समुह बैठक बस्नु पर्दछ । समुहको आवश्कता अनुसार जुनसुकै समयमा पनि समुह बैठक बस्न सक्नेछ ।

(२) **समुह बचत तथा परिचालनः** बैठकको निणर्य अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्नेछन् । समुह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण पाउने छन।

(३) **समुहको बैंक खाता सञ्चालनः** नजिकैको बैंकमा समुहको बैंक खाता खोलिने छ । जसमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको सयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ ।

(४) **बाली पात्रो/कार्य योजना तयार गर्नेः** समुहका सदस्यहरुले प्राबिधिकहरुको सहयोगमा पशुपालनका लागि आबधिक (मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार पार्नेछन । तयार भएको कार्ययोजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपंक्षी उत्पादन र बजारिकरणका कार्ययोजना अबलम्बन गर्ने छन ।

(५) **समुहको निर्णय समुह पद्दतिमा गरिनु पर्नेः** समुहमा आइपर्ने प्राबिधिक समस्याहरु प्राबिधिकको सहयोगमा निराकरण गर्ने छन् । समुहमा आइपर्ने अन्य समस्याहरु समुहको निर्णय अनुसार गर्नुपर्नेछ । सो हुन नसकेमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) **समुहको अभिलेखः** समुहको एक फाइल सम्बन्धित शाखामा रहनेछ । जसमा समुहको निर्णयको प्रतिलिपि, बिभिन्न कार्यक्रममा सहभगि भएको अभिलेख, समुहको आर्थिक कारोबारको अभिलेख आदि रहने छ । समुहले आफ्ना क्रियाकलापको आबधिक अभिलेख राख्नु पर्नेछ ।

(७) **खेती खर्चको बिबरण राख्नु पर्नेः** समुहका प्रत्येक सदस्यले आफूले लगाएको बालि तथा पशुपालन कार्यको उत्पादन, ढुवानी भण्डारण, बजारिकरण लगायत सबे कार्यको खर्चको बिवरण तथा बिक्रिबाट भएको आम्दानीको बिवरण राख्नु पर्दछ । कार्यालयबाट माग भएको अबस्थामा उक्त बिवरण उपलब्ध गराउनु पर्नेछ ।

(८) **प्रगति प्रतिबेदन र समिक्षाः** समुहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वनको अबस्था, प्राप्त उपलब्धी र प्रगतिहरु परिआएका समस्याहरु, समस्या समाधान गर्न गरिएका प्रयासहरु र सो को प्रतिफल बालिनालिको अबस्था बालिनालि लगाउदा भएको खर्च र बालि कटानी, बिक्रि पछी भएको आम्दानी आदीको चौमासिक समिक्षा गर्नु पर्दछ ।

(९) **समुहमा मेलमिलाप हुनुपर्नेः** समुहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्दछ ।

(१०) **कार्यालयको कार्यक्रममा सहभागि हुनुपर्नेः** समुहले गाउँपालिकाबाट सञ्चालन हुने कृषिसँग सम्बधित कार्यक्रमलाई सफल पार्न यथासक्य सहयोग गर्नुपर्दछ ।

(११) **अन्तर समुह समन्वय समितिः** बिभिन्न समुहबाट प्रतिनिधित्व गरी अन्तर समुह सवन्वय समिति गठन गर्न सकिने छ । समुह पद्दतिलाई बिकसित गर्दै संस्थागत अभ्यास सुढृढ गर्नका लागि सबै समुहबाट समानुपातिक रुपमा प्रतिनिधि रहने गरि अन्तर समुह समन्वय समिति गठन हुनेछ।

(१२) **कृषि सहकारीमा परिणत हुनेः** कृषक समुह गठन पश्चात समुहगत अभ्यासको अनुभवको आधारमा सहकारीमा परिणत हुन चाहेमा प्रचलित कानुन बमोजिम कृषि सहकारीमा परिणत हुन सक्नेछ। यस्तो अवस्थामा साबिक कृषक समुहले गरेको सबै काम सोही सहकारी संस्थाबाट भए गरेको मानिने छ ।

(१३) **समुहमा अन्य सामाजिक बिषयहरुको सन्दर्भः** सामाजिक न्यायको सिद्दान्तमा आधारित भइ समुहका सदस्यहरु नेत्तृत्व बिकास, उन्नत खेती प्रणालीको अबलम्बन, सामुदायिक शिक्षा, स्वास्थ्य, पर्यटन र रोजगारी प्रबर्द्धनका अन्य कार्यहरुमा पनि अभीरुचि लिनेछन र समुहको निर्णय अनुसार यस्तो कार्यमा अरुलाइ सहयोग गर्नेछन् ।

(१४) **समुह बाहेक पनि कृषि बिकास तथा पशुपालनका कार्यक्रम सञ्चालन गर्न सकिनेः** गाँउपालिकाबाट सञ्चालन हुने कृषि बिकास तथा पशु सेवाका कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैर सरकारी संस्थाहरु, गाँउ तथा टोल समितिहरु, निजि ब्यबसायिहरु, कम्पनी लगायतका अन्य कुनै सरोकारवाला संस्था तथा निकायको सहकार्यमा सञ्चालन गर्न सकिने छ ।

(१५) गाँउपालिकामा क्रियाशिल सहकारी सस्थाहरुले कृषि तथा पशुपालन समुह गठन गरि कार्य गरको अबस्थामा त्यस्ता समुहलाई यस निर्देशिका प्रायोजनका लागि यसै निर्देशिका बमोजिम गठित समुह मानिने छ ।

## परिच्छेद ५
## कृषक समुहको नियमन र पारदर्शिता

१. **बार्षिक लेखा परिक्षण र सार्वजनिक सुनुवाईः** समुहले बार्षिक रुपमा नियम अनुसार लेखा परिक्षण गराउनु पर्दछ। लेखा परिक्षण प्रतवेदनको एक प्रति सम्बन्धित शाखामा बुझाउनु पर्दछ र बर्षमा एक पटक सार्बजनिक सुनुवाई समेत गर्नुपर्दछ ।

२. **बार्षिक साधारण सभाः** समुह गठन भइ दर्ता भएको एक बर्ष भित्र प्रत्येक बर्षमा समुहले साधारण सभा गर्नुपर्ने छ । साधारण सभामा बार्षिक कार्यक्रमको प्रगति समिक्षा, आय ब्ययको बिबरण, आउदो बर्षको कार्यक्रमको तर्जुमा लगायत नियम अनुसार सम्पादन गर्नु पर्ने कार्य समेत पारित गर्नु पर्ने छ । यसको एक प्रति कार्यालयमा पेश गर्नु पर्ने छ ।

३. **साधारण सभा र बिशेष साधारण सभाः** समुहको सर्बोच्च निकाय समुहको साधारण सभा हुनेछ । साभारण सभा गर्ने अवधि समुहको बिधान बमोजिम निर्धारण हुनेछ । बिधानमा समुहले बिशेष साधारण सभाको पनि ब्यबस्था गर्न सक्ने छ ।

४. **अन्य संघ सस्थाहरु संग सवन्वयः** समुहले अनुमति लिई अन्य कुनै संघ सस्थाहरु सँगको सहकार्यमा कृषि प्रबिधि अनुसनधान तथा बिकास सम्बन्धि कार्य सञ्चालन गर्न सक्नेछन् ।

५. **समुहको अनुगमनः** यस गाँउपालिकाको अनुगमन ब्यबस्था बमोजिम गाँउपलिकाबाट एंव गाँउपलिकाको सवन्बयमा नेपाल सरकारको सबै निकायबाट समुहको क्रियाकलाप, समुहको कागजपत्रको अध्ययन, अवलोकन र अनुगमन गरि पृष्ठपोषण गर्न सक्नेछन्।

## परिच्छेद ६
## बिबिध

१. **समुह निष्कृयको अवस्थाः** लगातार ३ महिना सम्म मासिक बैठक नबसेमा, समुहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य बिबिध कारणबाट समुह निस्कृय भएको गुनासो प्रमाणित भएमा समुह निस्कृय भएको मानिनेछ । यस्तो अबस्थामा कार्यालयबाट कृषि बिकास तथा पशुपालन कायर्क्रममा उक्त समुहसँग साझेदारी गरिने छैन ।

२. **समुह बिघटन हुन सक्नेः** पटक पटक समुहको बिधान बिपरित कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा, रकम दुरुपयोग तथा हिनामिना गरेमा, समुह निस्कृय रहेमा, समुहको निर्णय अनुसार समुह बिघटन गरेमा, प्रचलित कानुन बिपरित कार्य गरेमा वडा कार्यलयको सिफारिसमा कार्यालयबाट छानबिन गरि समुह बिघटन गर्न उचित देखिएमा बिघटन गरिनेछ । समुह बिघटन गर्दा सदस्यबाट जम्मा भएको बचत तकम समुहको अभिलेख अनुसार साँवा ब्याज बितरण गर्नुपर्दछ।

३. **संशोधनः** आवयश्कता र औचित्यको आधारमा गाँउ कार्यपालिकाको निर्णय अनुसार यो कायर्बिधि संशोधन गर्न सकिने छ।

४. **खारेजीः** यस कार्यबिधीमा उल्लेखित कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत खारेज हुने छन् ।

## अनुसुची-१

मितिः-

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू,

माङ्सेबुङ गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

इभाङ्ग, इलाम

बिषयः समुह दर्ता गरी पाउँ ।

समुह गठन गरी सामुहिक प्रक्रियाद्वारा कृषि तथा पशुपालन कार्यक्रममा सहभागी हुन संलग्न बिबरण बमोजिम हामी संगठित भइ ................................................................ नामक कृषक समुह गठन माङसेबुङ गाँउपालिका वडा न................. मा गरेका छौं । समुह गठन र परिचालन माङ्सेबुङ गाँउपालिकाको कार्यबिधि र प्रचलित कानुन अनुसार कार्य गर्ने छौं भनि समुह दर्ताको लागि अनुरोध छ।

सलग्न कागजातहरु

१. समुहको बैठकको निर्णयको प्रतिलिपि पाना -
२. समुहको बिधान -
३. वडा कार्यालयको सिफारिस -
४. अनुसुची २ अनुसारको समुह सदस्यको बिवरण

निबेदकः-

अध्यक्षको नामः-

सम्पर्क नः-

मितिः-

समुहको छापः-

**अनुसुची-२**

कृषक समुहका सदस्यहरुको बैयक्तिक बिवरण

माङसेबुङ गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, इभाङ्ग इलाम

कृषक समुहको नामः-

समुहको ठगानाः-

समुहको जम्मा सदस्य संख्याः-

महिलाः- पुरुषः-

गठित समुहको किसिमः-

मासिक बचत प्रति माहिना रुः-

**समुह सदस्यको बिवरणः-**

| क्र. स | सदस्यको नाम | ठेगाना | पद | उमेर | पशुपंक्षीको बिवरण | जग्गाको बिवरण | सम्पर्क न. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्नेः प्रमाणित गर्नेः

माङ्सेबुङ गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय इभाङ्ग, इलाम

पशु सेवा शाखा/ कृषि बिकास शाखा

कृषक समुह दर्ता प्रमाण-पत्र

दर्ता नः                                                                                      दर्ता मितिः

समुह पद्दतिलाई सुब्यबस्थित गर्दै उत्पादन बढाउने उदेश्यले इलाम जिल्ला माङसेबुङ गाँउपालिका वडा नं ........मा मिति ..............................मा गठित श्री................................ कृषक समुहलाई यस कार्यालयमा अभिलेख दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

शाखा प्रमुख                                                                                  प्रमुख प्रशासकीय अधिकृत

पछाडिको पानामा

समुह नबिकरण बिवरणः-

| नविकरण मिति | मान्य रहने अवधि | फाँटवाला | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |